लहान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
लहान, सिरहा
प्रदेश नं. ०२, नेपाल

# क्याटलग सपिङ्ग विधिबाट सवारी साधन खरिद सम्वन्धी प्रस्ताव आह्वान सूचना

सूचना नं.– ०३/०७६/०७७
(दोश्रो पटक प्रकाशित मिति :- २०७६/१०/०९)

चालु आ.व. २०७६/०७७ कालागि यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय वमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) वमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरु वीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले तपसिलमा उल्लेख भए वमोजिमको शर्तहरुको अधिनमा रही शिलवन्दी प्रस्ताव दर्ता गराउन हुन सम्वन्धित त्यस्तो सवारी साधन बिक्री गर्न चाहने उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । भनी मिति २०७६/०९/२८ गतेका दिन नागरिक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरिएकोमा समय अवधि भित्र कुनै पनि कम्पनी वा आधिकारीक विक्रेताहरुले शिलवन्दी प्रस्ताव दर्ता गर्न नआउनु भएकाले पुनः दोश्रो पटक यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

०१. इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुले आ-आफ्नो फर्म दर्ता, स्थायी लेखा नम्वर (PAN) तथा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, एजेन्सी दर्ता प्रमाण पत्र, Letter of Authorisation, आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्र, त्यस्तो सवारी साधन आपूर्ति गरेको हालसम्मको विस्तृत विवरण, सम्वन्धित कार्य अनुभवको प्रमाणपत्र सहितको कागजातहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपीहरु समावेश गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ख) को उपनियम (२) वमोजिम देहाय अनुसारको सवारी साधनको उत्पादनको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर, मूल्य र सुविधासहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले ८(आठौं) दिन दिनको १२:०० वजेसम्म यस कार्यालयमा शिलवन्दी प्रस्ताव दर्ता गराई सक्नुपर्नेछ ।

०२. दर्ता गरिएका प्रस्तावहरु सोही दिन दिनको २:०० वजे खोलिनेछ । दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

०३. सूचिकृत नभएका उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुले सूचिकृत गराई उक्त शिलवन्दी प्रस्ताव दर्ता गराउन सकिनेछ ।

०४. सवारी साधनको स्वीकृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालयबाट निःशुल्क तथा यस कार्यालयको **website: www.lahanmun.gov.np** बाट समेत **Download** गरी प्राप्त गर्न सकिनेछ ।

०५. प्रस्ताव सम्वन्धी थप केही बुझ्नु परेमा यस कार्यालयको फोन नं. ०३३-५६०१३८ मा सम्पर्क राखी बुझ्न सकिनेछ ।

विवरण :

| ठे.नं | सवारी साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| ०१ (२०७६/०७७) | **Hardtop Jeep** | **Right Hand Drive model. Water cooled four stroke diesel engine with a displacement of the engine between 2000 - *2200cc.* The Maximum power and torque output shall not be not less than *120 HP and 280 Nm at goverened RPM.*** | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत **Technical Specificaion** वमोजिम हुनेछ । |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत